Australian Government

Department of Health

**बृद्ध हेरविचार क्षेत्र मा COVID-19 द्वारा प्रभावित भएकाहरुको लागी शोक र आघात समर्थन**

अष्ट्रेलिया सरकारले अष्ट्रेलियाई वृद्ध हेरचाह क्षेत्रका लागि शोक, हानि र आघात समर्थन प्रदान गर्ने सेवाहरुको लागि कोष प्रदान गर्दैछ। सेवाहरू आवासीय वृद्ध हरेचाह निवासीहरू, गृह हेरचाह प्राप्तकर्ताहरू, उनीहरूका प्रियजनहरू र बुढेसकालमा हेरचाह गर्ने कर्मचारीहरूको लागि उपलब्ध छन्। तपाईं यी सेवाहरू आफैं प्रयोग गर्न , वा तपाईंको प्रियजनहरू र समुदायहरूलाई उनीहरूको बारेमा जान्न प्रयोग सक्नुहुनेछ।

यो तिनीहरू सबैका लागि प्रयोग गर्न स्वतन्त्र छन्।

यी सबै संगठनहरूले व्यक्तिहरूको संस्कृती, धर्म, पहिचान र जीवनशैलीको सम्मान गर्दछन्। यदि तपाईंलाई वा प्रीयजनलाई एउटा दोभाषे, फोन अनुवादक र दोभाषे सेवा(Translating and Interpreting Service) को आवश्यक परेमा १३१ ४५० मा हासिल गर्न सक्नुहुनेछ। तपाईंको भाषा र तपाईंले सम्पर्क गर्न चाहानुभएको सेवाको लागि सोध्नुहोस्।

**शोक र नोक्सानी समर्थन**

**फोन परामर्श:**

अष्ट्रेलियन शोक तथा मौन शोक केन्द्र(Australian Centre for Grief and Bereavement)ले COVID-19 द्वारा बृद्ध हेरचाह कार्यकर्ता, बृद्ध हेरचाह प्रबन्धक, धार्मिक र सामुदायिक समुहलाई उनिहरुको समुदायको शोक र क्षतीको लागि मद्दत गर्दछ। तपाईको समुदायलाई कसरी मद्दत गर्ने भन्ने बारेमा सल्लाहका लागि १८०० २२२ २०० मा फोन गर्नुहोला।

जब तपाईंले फोन गर्नुहुन्छ, तपाईं उनीहरू संग तपाईं वा तपाईंको प्रियजनहरूलाई सहयोग गर्ने आवश्यकताको बारेमा कुरा गर्न सक्नुहुन्छ। यसमा समूहिक वा एक एक गरि गरिने परामर्श वा टेलिहेल्थ (फोन वा भिडियो कन्फरेन्स मार्फत) , वा व्यक्तिगत रूपमा एउटा पेशेवार सँग परामर्श सत्रहरू गर्ने पर्दछन्।

अष्ट्रेलियन शोक तथा मौन शोक केन्द्र(Australian Centre for Grief and Bereavement)मा द्विभाषी कर्मचारी छन् जसले ग्राहकहरूसँग अरबी, चेक, फारसी, फ्रान्सेली, इटालियन, जापानी, माल्टिज, सिंहला, तमिल, स्पेनिश र येहुदी भाषामा काम गर्छन्। जब तपाई फोन गर्नुहुन्छ तपाईको भाषा भन्नुहोस्। अन्य भाषाहरूको लागि,पहिला १३१ ४५० मा अनुवाद र व्याख्या सेवा(Translating and Interpreting Service)मा अष्ट्रेलियन शोक तथा मौन शोक केन्द्र(Australian Centre for Grief and Bereavement)लाई माग्नुहोस्।

अष्ट्रेलियन शोक तथा मौन शोक केन्द्र(Australian Centre for Grief and Bereavement)ले पनि बहिरा र सुन्न नसक्नेहरूका लागि असलान(Auslan) को पनि उपलब्ध गराएकाछन्।

**डिमेंशिया समर्थन:**

डिमेंशिया सपोर्ट अष्ट्रेलियाले अष्ट्रेलियाभर दिनको २४ घण्टानै वर्षमा ३६५ दिननै सहयोग प्रदान गर्दछ। उनिहरुले जसले डिमेंशिया भएकोहरुलाई हेरचाह गर्छन् उनिहरुलाई सल्लाह र सिफारिसहरू प्रदान गर्दछन्। उनिहरुलाई १८०० ६९९ ७९९ मा फोन गर्नुहोस्। यदि तपाईं वा प्रियजनलाई दोभाषे चाहिन्छ भने, १३१ ४५० मा अनुवादक र दोभाषे सेवा(Translating and Interpreting Service) लाई फोन गर्नुहोस् र डिमेन्शिया समर्थन अष्ट्रेलियालाई माग्नुहोस्।

**वकालत:**

बृद्ध व्यक्तिको वकालत नेटवर्क(Older Persons Advocacy Network) अष्ट्रेलिया भरिमा बुढेसकाल हेरचाह वकालत सेवाहरू प्रदान गर्दछ। यदि तपाईलाई बृद्ध हेरचाह सेवाहरुमा तपाईले प्राप्त गरिरहनु भएको सेवा प्रती समस्या छ भने, उनिहरुले मद्दत गर्न सक्दछन्। बृद्ध व्यक्तिको वकालत नेटवर्क(Older Persons Advocacy Network)ले वृद्ध व्यक्ति, उनीहरूका परिवार र प्रतिनिधिहरूलाई निःशुल्क, गोप्य, स्वतन्त्र वकालत, जानकारी र शिक्षा प्रदान गर्दछ। उनिहरुलाई १८०० ७०० ६०० मा फोन गर्नुहोस्। यदि तपाईं वा प्रीयजनलाई एक दोभाषेको आवश्यकता परेमा अनुवादक र दोभाषे सेवा(Translating and Interpreting Service) लाई १३१ ४५० मा फोन गरेर बृद्ध व्यक्तिको वकालत नेटवर्क(Older Persons Advocacy Network)को लागि भन्नुहोला।

**COVID-19 को बारेमा थप जानकारीकोलागि**

आधिकारिक स्रोतहरूको माध्यमबाट सूचित रहनु महत्त्वपूर्ण छ। health.gov.au मा जानुहोस् वा राष्ट्रिय कोरोनाभाइरस हेल्पलाइन (National Coronavirus Helpline) लाई १८०० ०२० ०८० मा फोन गर्नुहोस्। अनुवाद र दोभाषे सेवाहरूका लागि १३१ ४५० मा फोन गर्नुहोस् र राष्ट्रिय कोरोनाभाइरस हेल्पलाइन (National Coronavirus Helpline) लाई माग्नुहोस्।